# आश्रममा आश्रित वृद्धवृद्धाहरूको जीवनशैलीको विद्यमान अवस्था

(पोखरा वृद्धाश्रम, पोखरा-१७ को एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत
पृथ्वीनारायण बहुमुखी क्याम्पस समाजशास्त्र/मानवशास्त्र
विभागमा समाजशास्त्र स्नातकोत्तर तह
द्वितीय वर्षको आठौं पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

*शोधकर्ता:*

कलावती अधिकारी
रोल नं.: ९१/०६२

रजिष्ट्रेशन नं.:८७४०–९३

समाजशास्त्र तथा मानवशास्त्र विभाग

२०६८

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूर्तिका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा कलावती अधिकारीले तयार गर्नुभएको **कास्की पोखरास्थित पोखरा वृद्धाश्रम सीतापाइला–१७, पोखराका "आश्रममा आश्रित वृद्धवृद्धाहरूको जीवनशैलीको विद्यमान अवस्था"** विषयक यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...............................

**तेजप्रसाद सुवेदी**

शोध-निर्देशक

पृथ्वीनारायण क्याम्पस

समाजशास्त्र/मानवशास्त्र विभाग

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी सङ्काय तथा समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह आठौं पत्रको प्रयोजनका लागि कलावती अधिकारीले यस विभागमा प्रस्तुत गर्नुभएको **कास्की पोखरास्थित पोखरा वृद्धाश्रम सीतापाइला-१७, पोखराका "आश्रममा आश्रित वृद्धवृद्धाहरूको जीवनशैलीको विद्यमान अवस्था"** विषयक यस शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

१. विभागीय प्रमुखः शान्ति भुषाल ................................

२. विशेषज्ञः डा.लेखनाथ भट्टराई ................................

३. शोध-निर्देशकः तेजप्रसाद सुवेदी ................................

मिति : २०६७

# भाषा सम्पादनको कलम

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय समाजशास्त्र/मानवशास्त्र विभागका छात्रा कलावती अधिकारीले समाजशास्त्र/मानवशास्त्र खण्डअर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको प्रयोजनका लागि "**कास्की पोखरास्थित पोखरा वृद्धाश्रम सीतापाइला-१७, पोखराका "आश्रममा आश्रित वृद्धवृद्धाहरूको जीवनशैलीको विद्यमान अवस्था**" शीर्षकको शोधपत्रको भाषिक सम्पादन मैले गरेको हुँ । तहगत दृष्टिले यस शोधपत्रको भाषाबाट म सन्तुष्ट छु ।

................................

**चूडामणि खनाल**
सह-प्राध्यापक
नेपाली विभाग
पृथ्वीनाराण क्याम्पस
पोखरा

मिति : २०६७

# कृतज्ञताज्ञापन

यो शोधपत्रको शीर्षक छनौटदेखि लेखनका क्रममा मलाई अमूल्य सहयोग, सुझाव, मार्ग निर्देशन र हौसला प्रदान गर्नुहुने मेरा शोध निर्देशक श्री तेजप्रसाद सुवेदीज्यू र हौसला प्रदान गर्दै अमूल्य सुझाव र प्रेरणा दिनुहुने विभागीय प्रमुख श्रीमती शान्ति भुषालज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

मेरो यस शोधपत्र लेखनको क्रममा मलाई निरन्तर प्रेरणा र मार्गदर्शन गर्नुहुने मेरा आदरणीय गुरु तथा पूर्व विभागीय प्रमुख डा.विश्वकल्याण पराजुलीज्यूप्रति आभार प्रकट गर्दछु । त्यस्तै समाजशास्त्र, मानवशास्त्र विभागका अन्य मेरा प्राध्यायकहरूले मप्रति देखाउनु भएको सहयोगी भावनालाई सम्मान गर्दै कृतज्ञताज्ञापन गर्दछु ।

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस पोखरामा मानविकी तथा सामाजिकशास्त्र संकाय समाजशास्त्र, मानवशास्त्र विभाग स्नातकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको प्रयोजनका लागि "**आश्रममा आश्रित वृद्धवृद्धाहरूको जीवनशैलीको विद्यमान अवस्था**" शीर्षकको शोध प्रतिवेदन तयार गरिएको छ । यो अध्ययन विशेष गरी वृद्धाश्रममा बस्ने ज्येष्ठ नागरिकहरूको वास्तविकता बुझ्ने हेतुले गरिएको अध्ययन हो ।

तथ्याङ्क सङ्कलनका क्रममा मलाई सहयोग गर्नुहुने सम्पूर्ण उत्तरदाता साथै पोखरा वृद्धाश्रमका सम्पूर्ण महानुभावहरूप्रति धन्यवाद प्रकट गर्दछु । मलाई सूचना उपलब्ध गराउने तथा कार्यक्षेत्रमा सहयोग गर्नुहुने पोखरा वृद्धाश्रमका अध्यक्ष श्री वसन्तकेशव पराजुलीज्यूलाई हृदयदेखिनै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस्तै कार्यक्षेत्रमा तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने मेरा सहपाठी कमला घर्ती तथा शर्मिला आचार्यलाई पनि धन्यवाद ज्ञापन गर्दछु । शोधपत्र लेखनका क्रममा हरपल सहयोग तथा प्रेरणा प्रदान गर्ने मेरा साथीहरू सुषमा गुरुङ्ग, जमुना पौडेल, धनमाया गुरुङ्ग, साथै मेरा सम्पूर्ण सहपाठी साथीहरूलाई विशेष धन्यवाद प्रकट गर्न चाहन्छु । तथ्याङ्कको विश्लेषणमा प्राविधिक सहयोग गर्नुहुने मेरा भान्जा निर्मल भण्डारी एवम् सुबास भण्डारीलाई धन्यवाद प्रकट गर्दछु । शोधपत्र लेखनको क्रममा मलाई निरन्तर सहयोग तथा हौसला दिने मेरा श्रीमान् विष्णुप्रसाद तिमिल्सिना, छोरा प्रतीक  र छोरी श्रद्धामा हार्दिक आभार प्रकट गर्दछु । साथै मलाई जन्म दिएर यस अवस्थासम्म पुऱ्याउनु हुने मेरा मातापिताप्रति पनि सम्मान व्यक्त गर्न चाहन्छु ।

कलावती अधिकारी

मितिः

# विषय-सूची


| | पृष्ठ |
|---|---|
| *सिफारिस पत्र* | *(क)* |
| *स्वीकृति पत्र* | *(ख)* |
| *भाषा सम्पादन* | *(ग)* |
| *कृतज्ञता ज्ञापन* | *(घ)* |
| *तालिका सूची* | *(छ)* |
| *चित्र सूची* | *(झ)* |
| *शोधसार* | *(ञ)* |
| अध्याय-एक | १-११ |
| १. परिचय | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अनुसन्धानका प्रश्नहरू | ८ |
| १.४ अध्ययनको उद्देश्य | ८ |
| १.५ अध्ययनको क्षेत्र | ८ |
| १.६ अध्ययनको सीमा | ९ |
| १.७ आधारभूत मान्यता | ९ |
| १.८ अध्ययनको महत्त्व | ९ |
| १.९ पारिभाषिक शब्दावली | ९ |
| १.१० शोधग्रन्थको ढाँचा | १० |
| अध्याय-दुई | १२-२५ |
| २. पूर्व साहित्य समीक्षा | १२ |
| २.१ सान्दर्भिक साहित्यको समीक्षा | १२ |
| २.२ पूर्व अध्ययन समीक्षा | १४ |
| अध्याय-तीन | २६-२८ |
| ३. अनुसन्धान पद्धति | २६ |
| ३.१ अध्ययनक्षेत्र छनौटको औचित्य | २६ |
| ३.२ अनुसन्धान ढाँचा | २६ |
| ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू | २६ |
| ३.४ जनसङ्ख्या छनौट | २७ |

३.५ तथ्याङ्क संकलन विधि २७

३.६ पूर्व परीक्षण २७

३.७ प्रामाणिकता र विश्वसनीयता २७

३.८ कार्यक्षेत्रका कठिनाइ २८

३.९ तथ्याङ्कको विश्लेषण एवं प्रस्तुतीकरण २८

अध्याय-चार २९-४९

सङ्कलित तथ्याङ्कको विश्लेषण २९

४. आश्रममा आश्रित वृद्धवृद्धाहरूको सामाजिक अवस्था २९

अध्याय- पाँच ५०-५७

५. वृद्धवृद्धाहरू आश्रममा आउनाका कारण विश्लेषण ५०

अध्याय - छ ५८-७५

६. ज्येष्ठ नागरिकहरूको स्वास्थ्य स्थिति विश्लेषण ५८

अध्याय-सात ७६-७८

७. सार, निष्कर्ष र सुझाव ७६

७.१ सार ७६

७.२ निष्कर्ष ७७

७.३ सुझाव ७८

*सन्दर्भ सामग्री*

*अनुसूचि-* १.अन्तर्वार्ता सूची

२. छलफल सूची

३. सूचनादाताको नामावली

४. अध्ययन क्षेत्रको नक्शा

५. अन्तर्वार्तामा खिचिएका तस्वीरहरू

# तालिका सूचि


| *तालिका* | | *पृष्ठ* |
|---|---|---|
| ४.१ | उत्तरदाताको लैङ्गिक अवस्था | २९ |
| ४.२ | उत्तरदाताको जातिगत अवस्था | ३० |
| ४.३ | उत्तरदाताको वैवाहिक अवस्था | ३१ |
| ४.४ | उत्तरदाताको पारिवारिक अवस्था | ३२ |
| ४.५ | आश्रम आउनुपूर्वको बसाईंको स्थिति | ३२ |
| ४.६ | उत्तरदाता बस्नका लागि उचित स्थान | ३४ |
| ४.७ | उत्तरदाताको शैक्षिक स्थिति | ३५ |
| ४.८ | उत्तरदाताको काम गर्ने क्षमता | ३५ |
| ४.९ | उत्तरदाताबीच हुने झगडा तथा भेदभावका किसिम | ३६ |
| ४.१० | उत्तरदातालाई दैनिक कार्यका लागि आवश्यक सहयोग | ३६ |
| ४.११ | उत्तरदाताको बुढ्यौली जीवनको विद्यमान अवस्था | ३७ |
| ४.१२ | वृद्धवृद्धाले अपेक्षा गरेको सहयोग | ३७ |
| ४.१३ | बासस्थानका आधारमा वृद्धवृद्धाहरूको गतिविधि | ३८ |
| ४.१४ | लैङ्गिक आधारमा शैक्षिक स्थिति | ३८ |
| ४.१५ | लैङ्गिक आधारमा आश्रममा शान्तिको अनुभव | ४० |
| ४.१६ | उमेरगत आधारमा वृद्धवृद्धाहरूले गर्नसक्ने काम | ४२ |
| ४.१७ | वैवाहिक अवस्थाको आधारमा जीविकाको स्रोत | ४६ |
| ४.१८ | वैवाहिक स्थितिका आधारमा दैनिक कार्यमा सहयोग | ४७ |
| ४.१९ | वैवाहिक स्थितिका आधारमा आश्रममा कठिनाइ | ४८ |
| ५.१ | उत्तरदाता परिवारसँग नबस्नुका कारण | ५० |

| | | |
|---|---|---|
| ५.२ | उत्तरदाता आश्रममा बस्नुपर्नाको कारण | ५१ |
| ५.३ | लैङ्गिक आधारमा वृद्ध भएर बाँच्नमा गाह्रोको अनुभव | ५२ |
| ५.४ | आश्रममा आउनुको कारण | ५४ |
| ५.५ | वैवाहिक स्थितिका आधारमा आश्रममा बस्नुको कारण | ५५ |
| ५.६ | वैवाहिक स्थितिका आधारमा आश्रममा नबस्नुको कारण | ५६ |
| ६.१ | लैङ्गिक आधारमा काम गर्ने क्षमता | ५८ |
| ६.२ | लैङ्गिक आधारमा चुरोट पिउने बानी | ५९ |
| ६.३ | लैङ्गिक आधारमा शारीरिक व्यायाम | ६० |
| ६.४ | लैङ्गिक आधारमा आँखा देख्ने शक्ति | ६१ |
| ६.५ | लैङ्गिक आधारमा कान सुन्ने शक्ति | ६२ |
| ६.६ | उत्तरदाताको आनीबानी | ६४ |
| ६.७ | उत्तरदाताको खाना खाने बानी | ६४ |
| ६.८ | उत्तरदाताको स्वास्थ्य विवरण | ६५ |
| ६.९ | उत्तरदाताको शारीरिक अवस्था | ६५ |
| ६.१० | उमेरगत आधारमा खाना खाने बानी | ६६ |
| ६.११ | उमेरको आधारमा आँखाको देख्ने क्षमता | ६८ |
| ६.१२ | वैवाहिक स्थिति र चुरोट पिउने बानी | ७० |
| ६.१३ | वैवाहिक स्थितिका आधारमा मध्यपान | ७२ |
| ६.१४ | वैवाहिक स्थिति र दीर्घरोग | ७३ |
| ६.१५ | वैवाहिक स्थितिको आधारमा वृद्धवृद्धाको स्वास्थ्य स्थिति | ७४ |

## चित्र-सूची

| *चित्र नं.* | | *पेज* |
|---|---|---|
| ४.१ | उत्तरदाताको धार्मिक अवस्था | ३१ |
| ४.२ | लैङ्गिक आधारमा वृद्धवृद्धाहरूको आश्रमपूर्वको बसोबास | ३३ |
| ४.३ | उत्तरदाताको पारिवारिक स्थिति | ३४ |
| ४.४ | लैङ्गिक आधारमा जीविकाको स्रोतहरू | ३९ |
| ४.५ | आश्रममा बस्दाको समस्या विश्लेषण | ४० |
| ४.६ | उमेरगत आधारमा आश्रममा आश्रित वृद्धवृद्धाहरू बस्नको लागि उचित स्थान | ४१ |
| ४.७ | उमेरगत आधारमा दैनिक क्रियाकलापमा सहयोगको आवश्यकता | ४२ |
| ४.८ | उमेरगत आधारमा वृद्ध अवस्था र जीवन बाँच्नको सहजता विश्लेषण | ४३ |
| ४.९ | उमेरका आधारमा आश्रममा बस्दाको सहजता | ४४ |
| ४.१० | शिक्षाको आधारमा वैवाहिक अवस्था विश्लेषण | ४४ |
| ४.११ | वैवाहिक आधारमा काम गर्न सक्ने सक्षमता विश्लेषण | ४५ |
| ४.१२ | वैवाहिक अवस्थाको अवस्थामा वृद्धवृद्धा भएर बाँच्नमा कठिनाइ | ४७ |
| ४.१३ | वैवाहिक अवस्थाको आधारमा आश्रममा शान्तिको अनुभव | ४८ |
| ५.१ | लैङ्गिक आधारमा परिवारसँग नबस्नुका कारण | ५१ |
| ५.२ | आश्रममा आउनुका कारण विश्लेषण | ५३ |
| ६.१ | लैङ्गिक आधारमा खैनी सुर्ती खानेबानी विश्लेषण | ५९ |
| ६.२ | स्वास्थ्य स्थितिको आधारमा लैङ्गिक विश्लेषण | ६० |
| ६.३ | दीर्घरोगका आधारमा विश्लेषण | ६१ |
| ६.४ | निद्रा लाग्ने आधारमा विश्लेषण | ६२ |
| ६.५ | दैनिक क्रियाकलापमा सहयोगको आवश्यकता विश्लेषण | ६३ |
| ६.६ | उमेरगत आधारमा दीर्घरोगबाट पीडित | ६७ |
| ६.७ | उमेरगत आधारमा निद्राको विश्लेषण | ६९ |
| ६.८ | वैवाहिक आधारमा शारीरिक व्यायामको विश्लेषण | ७१ |
| ६.९ | वैवाहिक आधारमा स्वास्थ्य स्थिति | ७२ |
| ६.१० | वैवाहिक स्थितिको आधारमा सुन्ने शक्तिमा समस्या | ७४ |

# शोधसार

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअर्न्तगत समाजशास्त्र मानवशास्त्र विभागमा समाजशास्त्र विषयको स्नातकोत्तर तह द्वित्तीय वर्षको आठौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो । जनसाङ्ख्यिक संरचनाका विभिन्न पक्षहरू जस्तैः लैङ्गिकता, जातीयता, क्षेत्रीयता युवा, बालबालिका, प्रौढ जस्तै वृद्धवृद्धाका सवाल पनि नवीनतम रूपमा विकास हुँदै आएको एउटा महत्त्वपूर्ण पक्ष हो । वृद्धवृद्धाको विषय जुनसुकै तह तथा समुदायको साझा सरोकारको विषय बनेको छ, जसका लागि पोखरा वृद्धाश्रमले 'ज्येष्ठ नागरिकहरूको संरक्षण गरौँ सम्भव भएसम्म घरैमा, संभव नभए वृद्धाश्रममा' भन्ने मुलनाराका साथ अगाडि बढेको छ । साथै ज्येष्ठ नागरिकका लागि एउटा राम्रो घर बन्न पुगेको छ । यही आश्रममा आश्रित ज्येष्ठ नागरिकहरूको सामाजिक अवस्था, दिनचर्या र स्वास्थ्य स्थितिका बारेमा अध्ययन गर्ने कार्य यस शोध अध्ययनमा गरिएको छ । यस अध्ययनमा समस्याको कथन अर्न्तगत निम्नलिखित प्रश्नहरूलाई समेट्ने प्रयास गरिएको छ । ज्येष्ठ नागरिक/वृद्धवृद्धाका खास समस्या के के हुन् ? वृद्धवृद्धा आश्रममा आउनाका कारण के हुन् ? आश्रममा आश्रित वृद्धवृद्धाका दिनचर्या कस्तो छ ? आश्रममा आश्रित वृद्धवृद्धाका कस्ता स्वास्थ्य समस्या छन् ?

यस अध्ययनको सामान्य उद्देश्यमा आश्रममा आश्रित वृद्धवृद्धाहरूको जीवनशैली दिनचर्याका बारेमा जानकारी लिनु रहेको छ भने विशिष्ट उद्देश्य अर्न्तगत निम्न उद्देश्यहरू रहेका छन् ।

- आश्रममा आश्रित वृद्धवृद्धाको/ज्येष्ठ नागरिकको सामाजिक जीवनमाथि प्रकाश पार्नु ।
- ज्येष्ठ नागरिक आश्रममा आउनका कारण विश्लेषण गर्नु ।
- ज्येष्ठ नागरिकहरूको स्वास्थ्य स्थितिका बारेमा जानकारी लिनु ।

यस अध्ययनको उद्देश्यअनुरूप नेपालको गण्डकी अञ्चल कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. १७, स्थित पोखरा वृद्धाश्रमलाई अध्ययन क्षेत्र छनौट गरिएको छ । यस अध्ययनको उद्देश्य प्राप्तिका लागि ज्येष्ठ नागरिकहरूको दिनचर्या तथा स्वास्थ्य स्थितिका बारेमा जानकारी लिन अन्वेषणात्मक ढाँचा प्रयोग गरिएको छ भने वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरी ती पक्षको विस्तृत वर्णन गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि स्थलगत अध्ययन विधिको प्रयोग गरिएको छ अवलोकन, वैयक्तिक अध्ययन गरिएको छ । साथै द्वितीय सूचना सङ्कलनका लागि विभिन्न लेखरचना, पत्रपत्रिका, वेवसाइट प्रकाशित एवं अप्रकाशित स्रोत तथा अन्य सम्बन्धित साहित्यको सहयोग लिइएको छ । संकलित तथ्याङ्कलाई सांङ्केतिकीकरण, वर्गीकरण र तालिकीकरण पछि कम्प्यूटर प्रोग्राम एस.पि.एस.एस.को माध्यमबाट विश्लेषण गरी आवश्यकताअनुसार तालिकासूची, चित्रसूची प्रतिशतका आधारमा प्रस्तुत गरिएको छ ।

आश्रममा बस्ने सबैभन्दा बढी ब्राम्हण जाति थिए भने सबैभन्दा कम दलित रहेको पाइयो । वृद्धवृद्धा पारिवारिक व्यवस्थाका कारण आश्रम आएको पाइयो । आश्रममा रहेर पनि समाजबाट टाढिएको अनुभव नगरेको पाइयो । वृद्धवृद्धा आश्रममा बस्न उपयुक्त हो भन्नेमा एकतिहाइ थिए । केहीले आश्रममा आश्रयमात्र लिने गरेको पाइयो । अधिकांश बढी वृद्धवृद्धाले आफूलाई नयाँ पुस्ताले राम्रो दृष्टिकोणले हेर्ने बताएका थिए । आधाभन्दा बढी वृद्धवृद्धाले जीवनको उत्तरार्धलाई कष्ठकर अनुभव गरिरहेको देखियो । वृद्धाश्रममा आउने धेरैजसो ग्रामीण क्षेत्रका पाइयो । आफन्त हुनेभन्दा एक्लै भएकाहरू बढी मात्रामा आश्रम आउने गरेको पाइयो ।